# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०४।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

प्राथमिक स्वास्थ्य केन्द्र सम्सी, महोत्तरीमा आ.व. ०६८/०६९ मा आमा सुरक्षा कार्यक्रम अन्तर्गत निकासा भएको रकम जिल्ला स्वास्थ्य कार्यालय, महोत्तरी र प्राथमिक स्वास्थ्य केन्द्र, सम्सी, महोत्तरीमा कार्यरत कर्मचारीहरूले आपसी मिलेमतोमा हिनामिना गरेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अनुसन्धान हुँदा प्राथमिक स्वास्थ्य केन्द्र, सम्सी, महोत्तरीका खाता संचालकद्वय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष उत्तिम प्रसाद यादव, तत्कालीन निमित्त कार्यालय प्रमुख सि.अ.हे.व. कमल किशोर ठाकुर तथा सि.अ.हे.व. शिव शंकर यादव, अ.न.मि. द्वय विन्दु देवी साह र किरण कुमारी ठाकुरको आपसी मिलेमतोमा गैरकानूनी लाभ लिई नेपाल सरकारलाई हानी नोक्सानी पुर्याउने कार्य गरेको देखिएको हुंदा निजहरूले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ द्वारा परिभाषित कसूर गरेको पुष्टी हुन आएकोले उल्लिखित राष्ट्रसेवक कर्मचारीहरुलाई जनही बिगो रु.२,२८,०००। -(दुई लाख अठ्ठाईस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) तथा सोही दफाको देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता